# राइनास नगरपालिकाको आर्थिक वर्ष ०८२/८३ को बजेट वक्तव्य

**नगर सभाका श्रद्धेय अध्यक्ष ज्यू**
नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु,
राष्ट्रसेवक कर्मचारी, सञ्चारकर्मी तथा सभामा उपस्थित अन्य महानुभावहरु ।

राइनास नगरपालिका, नगरसभाको यस गरिमामय १६ औं अधिवेशनमा आगामी आर्थिक वर्ष ०८२/८३ को बजेट पेश गर्न पाउँदा गौरवान्ढित महसुस गरेको छु ।आम नगरवासीहरुको अभिमतलाई कदर गर्दै न्यायपूर्ण र समृद्ध नगर निर्माण गर्ने अभियानमा निरन्तर रुपमा लाग्ने प्रतिबद्धता व्यक्त गर्दछु । यस अवसरमा मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता र स्वाभिमानको रक्षा गर्दै लोकतान्त्रिक गणतन्त्र स्थापना एवम् स्थानीय स्वायत्त सरकार गठन गर्नका लागि इतिहासका विभिन्न कालखण्डमा जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु तथा निरंकुशताका विरुद्ध जीवन पर्यन्त संघर्ष गर्नुहुने दिवंगतहरुप्रति भावपूर्ण श्रदान्जली प्रकट गर्दछु । ऐतिहासिक लोकतान्त्रिक गणतन्त्र स्थापनाको सन्दर्भमा वेपत्ता, घाईते अपाङ्ग र सम्पूर्ण द्धन्द पिडित प्रति उच्च सम्मान व्यक्त गर्दछु।

आगामी आर्थिक वर्ष ०८२/८३ को बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, १६ औं आवधिक विकास योजना, दिगो विकासको लक्ष्य, गण्डकी प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय आवधिक विकास योजना, नगरपालिकाको दिर्घकालीन योजना, आम नगरबासीहरुको माग एवं आकांक्षालाई सम्बोधन गर्ने प्रयत्न गरी तर्जुमा गरिएको छ ।सीमित स्रोत साधनलाई अधिकतम र मितव्ययी परिचालन गरी न्यायपूर्ण वितरण गर्न जनीतिक दल, निजी क्षेत्र, शिक्षा, स्वास्थ्य, कृषि क्षेत्रका विज्ञ, पत्रकार, पिछडिएका एवम् सीमान्तकृत वर्गसहित आम नागरिकहरु र सबै सरोकारवालाको प्राप्त सुझावहरुलाई समेत आधार लिएको छु । नगर प्रमुखज्यूबाट प्रस्तुत भएका नीति तथा कार्यक्रमलाई आधार बनाई सहभागितामूलक ढंगबाट बजेट तथा कार्यक्रम तर्जुमा गर्ने अधिकतम प्रयास गरिएको छ । यस बजेट तथा कार्यक्रमको कार्यान्वनबाट नगरपालिकाले परिलक्षित गरेका उद्धेश्यहरु हासिल गर्नुका साथै राष्ट्रिय विकासका लक्ष्य हासिल गर्न समेत टेवा पुग्ने विश्वास लिएको छु ।

चालु आर्थिक वर्ष ०८२/८३ को नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको हालसम्मको कार्यान्वयन अवस्था हेर्दा संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान र राजस्व बांडफाँडबाट प्राप्त हुने रकम अनुमान भन्दा कम प्राप्त हुंने र स्थानीय स्रोतको दायरा सीमित हुँदा लक्ष्य अनुसार प्रगति हुन सकेको अवस्था छैन । उल्लिखित अवस्थाको विश्लेषण गरी आगामी वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रयत्न गरिएको छ ।

**नगर सभाका श्रद्धेय अध्यक्ष ज्यू**
**नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु**

**नगर सभाका श्रद्धेय अध्यक्ष ज्यू**
**नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु**

आगामी आर्थिक वर्ष ०८२/८३ को कार्यक्रम तथा बजेट प्रस्तुत गर्नुभन्दा पहिले गत आ.व.०८०/८१ को यथार्थ आय व्यय एवम् चालु आ.व.०८१/८२ को संशोधित आय-व्यय सम्बन्धी संक्षिप्त विवरण प्रस्तुत गर्न चाहन्छु ।

**आर्थिक वर्ष २०८०/८१ मा यथार्थ आय**

आन्तरिक आय तर्फ रु.४ करोड १२ लाख २५ हजार सत्तरी र पैसा उनन्तीस मात्र गत वर्षको संचित कोष मौज्दात सहित ।

संघीय सरकार सशर्त अनुदान बाट रु. २७ करोड ५५ लाख ५६ हजार दुइसय छयानब्बे र पैसा सतासी।

संघीय सरकार समानीकरण अनुदान बाट रु.७ करोड ८० लाख २७ हजार ।

संघीय सरकार राजस्व बाँडफाँडबाट प्राप्त रु. ४ करोड ८८ लाख ७० हजार दुईसय पैचालीस र पैसा उनन्चालीस ।

संघीय सरकार विशेष अनुदानबाट रु. २ करोड ६५ लाख ३८ हजार आठसय बीस ।

संघीय सरकार समपुरक अनुदान बाट रु.७४ लाख ७८ हजार दुईसय अठहत्तर ।

प्रेदश सरकार राजस्व बाँडफाँटबाट रु.९३ लाख ४ हजार दुइसय बहत्तर र मालपोत कार्यालयबाट घरजग्गा रजिष्ट्रेशन बापत प्राप्त रु.३३ लाख ५ हजार सातसय सत्र र पैसा बत्तीस ।

प्रदेश सरकार वित्तीय समानीकरण अनुदानबाट रु. ७८ लाख ६६ हजार सातसय पचास ।

प्रदेश सरकार समपुरक अनुदान बाट रु.६६ लाख ४१ हजार नौसय छयालीस गरी

कुल जम्मा आय ५० करोड ४८ लाख १४ हजार तीनसय पन्चानब्बे र पैसा सतासी मात्र यथार्थ आय भएको छ ।

**आर्थिक वर्ष २०८०/८१ को  यथार्थ व्यय**

क्षेत्रगत विनियोजका आधारमा चालु खर्च रु.३३ करोड ९६ लाख ६३ हजार तीनसय २३ र पैसा पचास मात्र ) तथा पूँजीगत खर्च १३ करोड ५९ लाख ३ हजार चासय एकतीस र पैसा तीस गरी कुल जम्मा रु.४७ करोड ५५ लाख ६६ हजार सातसय चवन्न र पैसा सतासी खर्च भई रु.२ करोड ९२ लाख ४७ हजार छसयसय एकचालीस मात्र ) चालु आर्थिक वर्ष ०८१/८२ मा जिम्मेवारी सरी आएको छ ।

**सम्मानित नगरसभाका अध्यक्ष महोदय,**

अव म चालु आर्थिक वर्ष ०८१/८२ को संशोधित आय व्यय विवरण तथा कार्यक्रमहरु संक्षेपमा प्रस्तुत गर्न चाहन्छु ।

आन्तरिक आयकर तर्फ दस्तुर राजस्व गत वर्षको मौज्दात समेत रु. ५ करोड ९९ लाख ११ हजार छसय एकचालीस मात्र)

संघीय सरकार राजस्व बाँडफाँटबाट प्राप्त रु.७ करोड ७८ लाख ८५ हजार, समानीकरण अनुदान रु. ८ करोड ५१ लाख , सशर्त अनुदान ३२ करोड ५४ लाख ७० हजार, विशेष अनुदान रु. ३ करोड ।

त्यस्तै गरी प्रदेश सरकार राजस्व बाँडफाँटबाट प्राप्त हुने रु. ९५ लाख ३९ हजार, वित्तीय समानीकरण अनुदान रु. १ करोड ४ लाख ३० हजार, समपुरक अनुदान ६० लाख र विषेश अनुदान रु.४० लाख गरी कुल आय ५९ करोड ९१ लाख १६ हजार छसय एकचालीस मात्र हुने अनुमान गरी सोही बमोजिम चालु तर्फ रु.४१ करोड ७३ लाख ६९ हजार पांचसय अरसठ्ठी र पुंजीगत तर्फ १८ करोड १७ लाख ४७ हजार त्रिहत्तर विनियोजन गरी सोही बमोजिमका खर्चक शीर्षकगत रुपमा व्यय अनुमान गरिएको छ । तर संघीय सरकारबाट समानीकरण अनुदानको ७० लाख १२ हजार प्राप्त नहुने निश्चित भएको व्यहोरा समेत जानकारी गराउन चाहन्छु ।

**नगर सभाका श्रद्धेय अध्यक्ष ज्यू**

**नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु**

चालु आर्थिक वर्षको संशोधित अनुमानको भन्दा आगामी वर्षको संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुनुपर्ने बजेट सिमा घटेर आएकोले आगामी आर्थिक वर्ष ०८२/८३ को आय अनुमान घटेर आएको अवस्था छ । चालु आर्थिक वर्षदेखि प्राकृतिक स्रोत ढुंगा गिटी बालुवा उत्खननको कार्यलाई व्यवस्थित गरी ठेक्का प्रकृयामा गए पनि लक्ष्य अनुसारको आन्तरिक आयको प्रगति हुन सकेको छैन। यी सबै अवस्थालाई मध्यनजर गर्दै आर्थिक वर्ष ०८२/८३ को बजेटका उद्धेश्य तथा प्राथमिकता देहाय बमोजिम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- परम्परागत खेती प्रणालीलाई प्रविधिमा आधारित प्रणालीमा विकास गरी व्यवसायिक कृषि तथा पशुपालनमा रुपान्तरण गर्ने,
- आधारभूत नगर अस्पतालबाट सेवा आरम्भ गरी स्थानीय स्तरमै नगरवासीहरुमा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच वृद्धि गर्ने ।
- उत्पादन भएका कृषि उपज तथा बजार नपाएका कृषकहरुको उत्पादनको बजारीकरण गर्न न्यूनतम समर्थन मूल्य संगै संकलन केन्द्र वा सहकारी मार्फत खरिद गरी कृषि उत्पादनको बजार पहुँचको सुनिश्चित गर्ने र यसको लाग प्रत्यक्ष र डिजिटल हाट बजारको व्यवस्था गर्ने ।
- शिक्षा र स्वास्थ्य सहित समाजिक क्षेत्रमा गुणात्मक सुधार गर्ने
- सामाजिक, आर्थिक र भौतिक पूर्वाधार विकास मार्फत समुन्नत एवम् समृद्ध नगर निर्माण गर्ने अभियान संचालन गर्ने ।
- स्थानीय सिप र उत्पादनको प्रवर्द्धन, साना तथा घरेलु उद्योगको प्रवर्द्धन मार्फत आर्थिक विकास गर्ने ।
- रोजगारी तथा स्वरोजगारी मार्फत आयआर्जन वृद्धि गर्न उद्यमशिल रोजगार सिर्जना तथा सिप विकास गर्ने ।
- शिक्षामा समतामूलक पहुँच विस्तारका लागि प्रारम्भिक बालविकास केन्द्रको विस्तार, क्षमता विकास, बालमैत्री तथा प्रविधिमैत्री सिकाइका लागि पूर्वाधार तयार गर्ने
- पर्यटन पूर्वाधारको विकास र विस्तार गर्ने ।
- उपभोक्ताको हित संरक्षण गर्न बजार अनुगमन तथा नियमनको कार्यलाई प्रभावकारी बनाउने
- सामाजिक संरक्षणका माध्यमबाट सामाजिक न्याय कायम गर्ने ।
- नगरको सेवा प्रवाहलाई छिटो, छरितो, पारदर्शी एवम् जनमैत्री बनाई जनतालाई वास्तविक सुशासनको अनुभूति दिलाउने ।

**सभाका श्रद्धेय अध्यक्ष महोदय**,

सीमित स्रोत साधनको परिचालन मार्फत अधिकतम लाभ प्राप्त हुने प्रयास सँगै गत आर्थिक वर्षको यथार्थ आय व्यय र चालु आर्थिक वर्षको संशोधित अनुमानको आधारमा उद्धेश्य र प्राथमिकता अनुकुल हुने गरी अब म आगामी आर्थिक वर्ष ०८२/८३ का लागि देहायबमोजिमको अनुमानित आय व्यय प्रस्तुत गरेको छु ।

**आय तर्फ**,

आन्तरिक आय स्थानीय कर ,दस्तुर र सेवा शुल्क समेत गरी १ करोड ७२ लाख, ढंगा गिटी बालुवा विक्रीबाट प्रदेश सरकारसंग बाडफांड भई प्रप्त हुने आय २६ लाख र विविध आय गत वर्षको बैंक मौज्दात समेत रु. ४० लाख गरी जम्मा रु. २ करोड ४७ लाख ।

संघीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रु.८ करोड २९ लाख
सशर्त अनुदान बाट रु.३३ करोड ३४ लाख, विशेष अनुदान बापत रु. २ करोड २१ लाख र समपुरक अनुदान ६९ लाख गरी कुल जम्मा रु.४४ करोड ५३ लाख मात्र ।

प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान तर्फ रु.१ करोड ३ लाख ९१ हजार, समपुरक अनुदान रु.६० लाख, विषेश अनुदान रु.४० लाख र सशर्त अनुदान रु.२ लाख गरी जम्मा रु.२ करोड ५ लाख एकानब्बे हजार मात्र ।

संघीय सरकार राजस्व बांडफाडबाट प्राप्त हुने रकम रु. ७ करोड २९ लाख ४८ हजार नौसय एक र प्रदेश सरकार राजस्व बाँडफाँटबाट रु. १ करोड १७ लाख ८५ हजार गरी कुल आय रु.५७ करोड ८४ लाख २४ हजार  नौसय एक हुने अनुमान प्रस्ताव गरिएको छ । समग्र आयको विवरण अनुसूची १ मा संलग्न गरेको छु।

**सभाका श्रद्धेय अध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्ष ०८१/८२ को लागि अनुमानित आय रु.५७ करोड ८४ लाख २४ हजार नौसय एक मध्येबाट अनुमानित शीर्षकगत व्ययको विवरण प्रस्तुत गर्दछु ।

- कुल व्यय मध्ये चालु खर्च तर्फ ३७ करोड ५९ लाख ७६ हजार(६४.९९ प्रतिशत) र पूँजीगत तर्फ २० करोड २४ लाख ४८ हजार नौसय एक (३५.०१ प्रतिशत) विनियोजन गरेको छु ।
- नगरपालिकाको सडक पूर्वाधार व्यवस्थित गरी सबै वडाहरुमा सहज र गुणस्तरीय सडक निर्माण र विस्तारको लागि चक्रपथ (रिङरोड) कत्रेनी मसार बोराङ मोहोरिया-प्यारजुङ सडक निर्माणको लागि संघीय सरकारको समपुरक अनुदानमार्फत बहुवर्षीय आयोजनाको रुपमा संचालन हुने गरी रु.४ करोड २८ लाख मध्ये चालु वर्ष १ करोड ३८ लाग विनियोजन गरेको छु ।
- स्थानीय स्तरबाट प्रथमिकीकरण भएका र स्थानीय आवश्यक्ताको आधारमा पहिचान गरिएका कार्यक्रमहरु सबै वडामा नगर गौरवका आयोजना संचालन गर्ने गरी सबै वडाबाट

समानुपातिक रुपमा कार्यान्वयन हुने गरी वडास्तरीय आयोजनाको लागि रु.४ करोड ७० लाख बजेट विनियोजन गरेको छु ।

- संघीय सरकारको विशेष अनुदानमा राइनास नगरपालिका वडा नं.५ मा रहेको अधुरो आयोजनाको रुपमा रहेको श्री शिशु विद्याश्रम माध्यमिक विद्यालयको छात्रवास निर्माण सम्पन्न गर्नको लागि रु.१ करोड ६६ लाख विनियोजन गरेको छु ।
- नगरबासीहरुमा स्थानीय स्तरमै गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्न र निर्माण सम्पन्न भएको आधारभूत नगर अस्पताल सँचालन गर्न नगर अस्पतालको क्षमता अभिवृद्धि उपकरण खरिद कम्पाउण्ड वाल शवगृह निर्माण र फोहोर व्यवस्थापनको कार्य गर्न संघीय सरकारको विशेष अनुदान मार्फत कार्यान्वयन हुने गरी २ करोड ४० लाख मध्ये चालु वर्षको लागि रु.५५ लाख बजेट विनियोजन गरेको छु ।
- राइनास नगरपालिकाका नागरिकहरुलाई स्वच्छ खानेपानीको व्यवस्था गर्न गण्डकी प्रदेश सरकारको विशेष अनुदानमा राइनास नगरपालिकाको एक घर एक धारा आयोजना संचालन गर्न रु. ४० लाख बजेट विनियोजन गरेको छु ।
- सबै वडाहरुमा समानुपातिक पूर्वाधार विकास गरी नागरिकहरुमा विकासको वास्तविक अनुभूति दिलाउन काली रह जिम्मल चौतारा बांकी भाग कालोपत्र ( ७ नं. वडा कार्यालय जोड्ने )मोटरबाटोको लागि गण्डकी प्रदेश सरकारको समपुरक अनुदानमार्फत संचालन हुने गरी रु.१ करोड २० लाख बजेट विनियोजन गरेको छु ।
- पालिका अन्तरगत निर्माणाधिन १५ शैय्या आधारभूत अस्पतालको मोबिलाईजेसन तथा श्रृजित दायित्व भुक्तानी गर्न संघीय सरकारको ससर्त अनुदानमार्फत संचालन हुने गरी रु.३ करोड विनियोजन भएकोले सोही बमोजिम विनियोजन गरेको छु ।
- संघीय सरकार ससर्त अनुदान मार्फत संचालन हुने गरी नगरपालिकाको वडा नं. ८ मा रहेको धर्मनाथ धाम, सर्वोदय सेवा आश्रम जाने सडक स्तरउन्नतिको कार्य सम्पन्न गर्न रु. ४० लाख विनियोजन गरेको छु ।
- संघीय सरकारको ससर्त अनुदानबाट संचालन हुने गरी नगरपालिकाको  वडा न ७ उपल्लो सालफेदी सडक स्तरोन्नतिका लागि रु.१० लाख विनियोजन गरेको छु ।
- संघीय सरकारको ससर्त अनुदान न.पा .स्थित माझहटिया -कुमालटार - गगते चेपे सडक स्तरोन्नतीका लागि रु.२५ लाख बजेट विनियोजन गरेको छु ।

- संघीय सरकारको ससर्त अनुदानबाट संचालन गर्ने गरी राइनास न.पा- .५ मा माछापोखरी चोकबाट माछापोखरी गेटसम्म जाने सडक स्तरोन्नतीको लागि बजेट विनियोजन गरेको छु ।
- संघीय सरकार  ससर्त अनुदानमार्फत राइनास नगरपालिका, हरित सडकको टुनीगैरी राइनासकोट जाने सडक स्तरउन्नतिका लागि रु.४० लाख बजेट विनियोजन गरेको छु ।
- संघीय सरकार ससर्त अनुदानमार्फत राइनास न.पा .८ कल्लेरी -भाटगाउँ -गन्धर्व गाउँ -सुब्बा थोक अमल डाँडा सडक स्तरोन्नतीका लागि रु.२५ लाख बजेट विनियोजन गरेको छु ।
- संघीय सरकार ससर्त अनुदानमार्फत यस नगरपालिकाको  वडा न .६, गौलिटार सभा भवन निर्माणका लागि रु.७० लाख विनियोजन गरेको छु ।
- संघीय सरकार ससर्त अनुदान मार्फत संचालन हुने गरी बोराङखोला-घिमिरे गाउँ-पदमचोक सडक स्तरोन्नतीका लागि रु.४० लाख विनियोजन गरेको छु
- नेपाल जलवायु नमूना कार्यक्रमको लागि ससर्त  अनुदान र नगरपालिकाबाट संचालन हुने गरी बेजेट विनियोजन गरेको छु ।
- विषयगत रुपमा शिक्षा स्वास्थ्य का कार्यक्रम संचालन गर्नको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- स्थानीय उद्यम तथा रोजगारी सृजना गर्न कार्यविधि संशोधन सहित कार्यक्रमलाइ थप प्रभावकारी बनाउन मेयर उद्यमशीलता विकास कार्यक्रम संचालन गर्न बजेट विनियोजन गरेको छु ।
- कृषि तथा पशुपालनलाई व्यवस्थित गरी स्थानीय आर्थिक विकास र रोजगारी सृजनाको लागि कार्यक्रम संचालन गर्न बजेट विनियोजन गरेको छु ।
- राइनास नगरको पर्यटन प्रवर्द्धन मार्फत प्रचारप्रसार र प्रोत्साहनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- वैदेशिक रोजगारलाई थप व्यवस्थित र मर्यादित बनाउन चालु आर्थिक वर्षदेखि सुरक्षित आप्रवासन सामी कार्यक्रम संचालनको लागि बजेट विनियोजन गरेको छु ।
- सुशासन र संस्थागत विकास तथा कर्मचारीहरुलाई कामप्रति प्रोत्साहति गर्न पुरस्कार तथा सम्मानको लागि बजेट विनियोजन गरेको छु ।
- नगरक्षेत्रको फोहोर व्यवस्थापनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- नगरक्षेत्रमा हुने विपदका घटनाबाट राहत उद्धार र पुननिर्माणको कार्यलाइ व्यवस्थित गर्न र आपतकालीन कार्यसंचालन केन्द्र स्थापनाका लागि बजेट विनियोजन गरेको छु ।

**सभाका श्रद्धेय अध्यक्ष महोदय,**

राजस्व तथा कर प्रशासन सुधार सम्बन्धी गरिएको व्यवस्था देहाय अनुसार प्रस्तुत गर्दछु ।

- मालपोत एवं भूमिकर ,पूर्वाधार विकासको अवस्था ,लाई भूमिको उपयोगिता (सम्पत्ति कर) भौगोलिक विकटता समेतको आधारमा न्यायोचित एवं नागरिकमैत्री बनाउन विस्तृत वर्गीकरणमा जोड दिइ करको दर निर्धारण गरिएको छ।
- मालपोत कार्यालयबाट घरजग्गा रजिष्ट्रेशन प्रयोजनको लागि राइनास नगरपालिका क्षेत्रको जग्गाको न्यूनतम मुल्यांकन अत्यधिक भई समस्या परेको अवस्थालाई मध्यनजर गरी सुधार गर्न नगरपालिकाको भुमिकर प्रयोजनको लागि न्यूनतम मुल्यांकनको आधारमा गर्न सिफारिस गरिएको छ ।
- निर्माणमुखी पदार्थको संकलन एवं विक्रि वितरण गर्ने व्यवस्थालाई अनिवार्य रुपमा दर्ता हुने र वातावरणीय अध्ययन प्रतिवेदनले सिफारिस गरेको क्षेत्र र परिमाणमा उत्खनन् हुने व्यवस्था मिलाएको छु। नदीजन्य पदार्थको संकलन र उत्खनन्लाई विधिसम्मत र वास्तविक बनाउन अनुगमन र निरीक्षणलाई कडाई गरिनेछ।
- प्रत्येक आर्थिक वर्षमा वुझाउन पर्ने एकिकृत सम्पत्ति कर सोही आअसोज मसान्त .को.व. भित्र बुझाएमा लाग्ने कर रकममा 10(दशप्रतिशत छुट हुने व्यवस्था (लाई निरन्तरता दिएको छु।
- प्रत्येक आर्थिक वर्षमा वुझाउन पर्ने व्यवसाय दर्ता .को.व.नविकरण र व्यवसाय कर सोही आ , असोज मसान्त भित्र बुझाएमा लाग्ने कर रकममा 10 (दशप्रतिशत छुट हुने व्यवस्था (लाई निरन्तरता दिएको छु ।
- महिलाको नाममा व्यवसाय दर्ता तथा नविकरण र व्यवसाय कर दाखिला गर्दा लाग्ने कुल राजश्वमा २५ प्रतिशत छुट हुने व्यवस्थालाई निरन्तरता दिएको ।
- रातोपहेलो र सेतो कार्ड पाएका अपाङ्गता तथा अशक्तता भएका ,निलो , व्यक्तिहरुलाई सिफारिस फारम शुल्क ,व्यवसाय दर्ता तथा नविकरण ,संस्था दर्ता ,घर नक्शा पास , :व्यवसाय कर र सम्पति करमा क्रमश१०० ,७५ ,५० र प्रतिशत छुट हुने 25 व्यवस्थालाई निरन्तरता दिईएको छ । त्यस्तै अपाङ्गता भएका व्यक्तिहरुको संरक्षण र हित प्रवर्द्धन गर्ने उद्देश्यले स्थापना गरिने सबै सामाजिक तथा सेवामूलक संघ संस्थाको दर्ता नविकरण निशुल्क गर्ने व्यवस्था मिलाएको छु।

**सम्मानित सभाका अध्यक्ष महोदय,**

आगामी आर्थिक वर्ष ०८२/८३ को वार्षिक नीति तथा कार्यक्रमले निर्देशित गरे बमोजिम यस बजेट तथा कार्यक्रम मार्फत सम्बोधन गर्ने प्रयत्न गरिएको छ । सीमित श्रोत र साधनबाट दिगो र ठोस उपलब्धि हासिल होस भन्ने उद्धेश्यले आवश्यक्ताका आधारमा रकम विनियोजन गर्ने प्रायास गरिएको छ । आयोजना तर्जुमा मात्र महत्वपुर्ण विषय होईन यसको लक्ष्य एवम् उद्धेश्य प्राप्तिका लागि प्रभावकारी कार्यान्वयन, अनुगमन, मूल्यांकन तथा यथार्थ उपलब्धिको नजिक पुग्न सक्नु महत्वपुर्ण हुन्छ । यस बजेट, नीति तथा कार्यक्रम कार्यान्वयनमा सम्पूर्ण नगरवासीहरुको सकारात्मक सहयोग, सल्लाह सुझाव एवम् सिर्जनात्मक आलोचना र पृष्ठपोषण प्राप्त हुने विस्वास लिएको छु ।

अन्त्यमा राइनास नगरपालिकाको आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्ने कार्यमा मार्गदर्शन दिने नगर प्रमुख ज्यु, बजेट तथा कार्यक्रम तर्जुमा समितिका सदस्यहरु, कार्यपालिका सदस्यज्युहरु, नगर सभा सदस्यज्युहरु, विषयगत समितका संयोजक तथा सदस्यज्युहरु, प्रमुख प्रशासकीय अधिकृत, लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु र सबैप्रति हार्दिक आभार प्रकट गर्दछु। यो बजेट कार्यान्वयनमा पनि सोही अनुसारको सल्लाह, सुझाव एवम् सहयोगको समेत अपेक्षा व्यक्त गर्न चाहन्छु ।

**धन्यवाद ।**

............................

**पुष्पराज खनाल**

**नगर उप प्रमुख**

**राइनास नगरपालिका लमजुङ**